# संघीय संसद
## संसदीय सुनुवाइ समितिको
## <u>सूचना</u>

देहायका मुलुकहरुका लागि नेपाली राजदूतको पदमा देहाय अनुसारका व्यक्तिहरुको नियुक्तिका लागि नेपाल सरकारबाट सिफारिस भई संसदीय सुनुवाइका लागि मिति २०७७/०६/१८ गते समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन/प्रसारण गरिएको छ । उक्त पदमा उहाँहरुलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाण सहित मिति २०७७ कार्तिक १ गते कार्यालय समय भित्र यस समिति समक्ष निम्न माध्यम मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन स्पष्ट रुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुले यसै सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनु हुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७७ कार्तिक १ गते कार्यालय समय भित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

| क्र.सं. | सिफारिस गरिएका व्यक्तिहरुको नामावली | सिफारिस गरिएको मुलुक |
|---|---|---|
| १. | **डा. युवराज खतिवडा** | **संयुक्त राज्य अमेरिका** |
| २. | **श्री लोकदर्शन रेग्मी** | **संयुक्त अधिराज्य** |
| ३. | **डा. निर्मलकुमार विश्वकर्मा** | **दक्षिण अफ्रिका** |

**<u>सूचना दिने ठेगानाः</u>**
संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्सः ४२००२७७
ईमेलः *parl_hearing@parliament.gov.np*